# मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा

## कक्षा २

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

**प्रकाशक :** नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN: 978-999-33-712-1-8

© **सर्वाधिकार प्रकाशकमा**

*केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन। पाठ्यपुस्तक सम्बन्धमा सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ।*

पहिलो संस्करण : वि.सं. २०५०
परिमार्जित दोस्रो संस्करण : वि.सं. २०६३
पुनर्मुद्रण : वि.सं. २०६७

*'विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिका २०६७' अनुसार यो पाठ्यपुस्तक पूर्वाञ्चिल र पश्चिमाञ्चल विकास क्षेत्रका ३२ जिल्लामा मात्र शैक्षिक सत्र २०६८ का लागि निजी क्षेत्रका मुद्रक तथा वितरकबाट बिक्री वितरण गर्न स्वीकृत पाठ्यपुस्तक हो।*

*– पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर*

**मुद्रक :**

**वितरक :**

**मूल्य :** रु. .............

*तपाईंको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक मुद्रक तथा वितरक वा स्थानीय बिक्रेताबाट साट्न सक्नुहुनेछ।*

*– मुद्रक तथा वितरक*

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र र राष्ट्रियताप्रति एकताको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सीपको विकास गरी विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवपनोपयोगी सीपका माध्यमले कलासौन्दर्यप्रति अभिरुचि जगाउनु, सिर्जनशील सीपको विकास गराउनु र विभिन्न जातजाति, लिङ्ग, धर्म, भाषा, संस्कृतिप्रति समभाव जगाई सामाजिक मूल्य र मान्यताप्रतिको सहयोगात्मक र जिम्मेवारीपूर्ण आचरण विकास गराउनु आजको आवश्यकता बनेको छ । यही आवश्यकता पूर्तिका लागि शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर्क्रियाका निष्कर्षबाट परिमार्जन गरिएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार यस पाठ्यपुस्तकको विकास एवम् परिमार्जन गर्ने कार्य भएको छ । शैक्षिक सत्र २०६२ मा परीक्षण गरी परीक्षणबाट प्राप्त सुझावसमेत यसमा समावेश गरिएको छ ।

विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयको यस पाठ्यपुस्तकमा विज्ञान, वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षासँग सम्बद्ध विषयवस्तुलाई पृथकरूपमा संयोजन गरी समग्र पाठ्यपुस्तकलाई एकीकृत गरिएको छ । यसलाई क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित बनाउन रङ्गीन चित्र राख्ने, सिर्जनात्मकता बढाउने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकतानुसार शिक्षण निर्देशन दिने कार्य भएको छ । वि. सं. २०५० मा मोहन गोपाल न्याछ्योँद्वारा लेखिएको मेरो सेरोफेरो पाठ्यपुस्तकको विज्ञान विषयका विषयवस्तुलाई समेट्दै यस पाठ्यपुस्तकलाई विज्ञान तथा वातावरण शिक्षातर्फ राकेश श्रेष्ठ, रवीन्द्र क्षेत्री, टङ्कलाल गैरे, नानु दवाडी र बालकृष्ण चापागाईंद्वारा र स्वास्थ्य तथा शारीरिक शिक्षातर्फ हर्कप्रसाद श्रेष्ठ, डा. रामकृष्ण महर्जन, गीता कार्की, रवीन्द्र क्षेत्री र प्रकाश महर्जनद्वारा लेखन, परिमार्जन तथा सम्पादन गराई यस रूपमा तयार गरिएको हो । यसको थप परिमार्जनमा कार्यकारी निर्देशक हरिबोल खनालको पनि योगदान रहेको छ । यसको भाषा सम्पादन गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी र लोकप्रकाश पण्डितले, लेआउट तथा चित्राङ्कन टार्जन राई तथा श्रीहरि श्रेष्ठ र आवरण डिजाइन नवीन्द्र राजभण्डारी, टाइपसेटिङ अनिल कार्की र अनिल थापाले गर्नु भएको हो । उहाँहरूलगायत यसको विकासमा संलग्न विषयसमितिका पदाधिकारी तथा अन्य सबैलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । पाठ्यपुस्तकलाई शिक्षणसिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । अनुभवी शिक्षक र जिज्ञासु विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सिकाइउपलब्धिलाई विविध स्रोत र साधनको प्रयोग गरी अध्ययन अध्यापन गर्न सक्छन् । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ तथापि यसमा अझै भाषाशैली, विषयवस्तु तथा प्रस्तुति र चित्राङ्कनका दृष्टिले कमीकमजोरी रहेका हुन सक्छन् । तिनको सुधारका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची


| पाठ | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| | **विज्ञान** | |
| १. | सजीव वस्तुको लक्षण | २ |
| २. | केही सजीव वस्तुहरू | ४ |
| ३. | जनावरको वासस्थान | ६ |
| ४. | घरपालुवा र जङ्गली जनावरहरू | ८ |
| ५. | जनावरको खाना र खाने तरीका | १० |
| ६. | जनावरको चाल | १२ |
| ७. | विभिन्न किसिमका बिरुवाहरू | १४ |
| ८. | बिरुवाका विभिन्न भागहरू | १६ |
| ९. | बिरुवा र जनावरबाट पाइने खाना | १८ |
| १०. | हाम्रो वरपरको वातावरण | २० |
| ११. | विभिन्न आकारका वस्तुहरू | २२ |
| १२. | फरकफरक रङ, स्वाद र गन्ध भएका वस्तुहरू | २४ |
| १३. | कडा र नरम वस्तुहरू | २६ |
| १४. | ताप र प्रकाशका स्रोतहरू | २८ |
| १५. | ताप र प्रकाशका उपयोगिता | ३० |
| १६. | घाम लागेको दिन | ३२ |
| १७. | छाया | ३४ |
| १८. | हाम्रो पृथ्वी | ३६ |
| १९. | दिन र रात | ३८ |
| २०. | सूर्यको प्रकाशमा विभिन्न रङ् हुन्छन् | ४० |

## स्वास्थ्य शिक्षा


| | | |
|---|---|---|
| १. | शरीरको सफाइ | ४२ |
| २. | राम्रो बानी | ४४ |
| ३. | घरको सफाइ | ४६ |
| ४. | विद्यालय सफाइ | ४८ |
| ५ | मेरो खानेकुरा | ५० |
| ६. | पिउने पानी | ५२ |
| ७. | रोग लाग्न नदिऔँ | ५४ |
| ८. | दुर्घटनाबाट बचौँ | ५६ |
| ९. | बिरामी हुदाँ कहाँ जाने ? | ५८ |


## शारीरिक शिक्षा


| | | |
|---|---|---|
| १. | हिँडाइ, दौडाइ उफ्राइ र फ्याँकाइ | ६० |
| २. | स्थिर अवस्थाका कसरतहरू | ६२ |
| ३. | शारीरिक व्यायाम | ६४ |
| ४. | कवाज | ६७ |
| ५. | साधारण खेलहरू | ६८ |
| ६. | स्थानीय खेल | ७० |
| ७. | म अभिनय गरेर खेल्न सक्छु | ७२ |
| ८. | कथानक खेलहरू | ७३ |
| ९. | म भकुन्डो फाल्न र समाउन सक्छु | ७४ |
| १०. | पल्टनबाजी | ७७ |
| ११. | सन्तुलन कार्य | ७८ |

# मेरो विज्ञान

## कक्षा २



## पाठ १ सजीव वस्तुका लक्षण

**हेर, चिन र पढ :**



खाना




सन्तान उत्पादन



चाल



चेतना



वृद्धि

माथिको चित्रमा केही जनावरहरू र बिरुवाहरू छन् । यिनीहरू सजीव हुन् । सजीवले खाना खान्छन् । यिनीहरू सानोबाट ठूला हुन्छन् । यिनीहरूले बच्चा जन्माउँछन् । यिनीहरूले सास फेर्छन् । यिनीहरूको चेतना पनि हुन्छ । तर निर्जीव वस्तुहरूले सजीवका लक्षण देखाउँदैनन् । ढुङ्गा, माटो, टेबुल आदि निर्जीव हुन् ।

**क्रियाकलाप**

**तिम्रो घरमा भएका वा तिमीले देखेका जनावरले कुनकुन लक्षण देखाउँछन् ? अवलोकन गरी लेख ।**

**अभ्यास १**

**तल दिइएको कोठाभित्रको मिल्दो शब्द छानी खाली ठाउँमा मिल्ने शब्द लेख :**

| घाँस | खुट्टा | आगो | माउ |
|---|---|---|---|

(क) कुकुर ...................को सहायताले हिँडडुल गर्छ ।

(ख) गाईले ........................... खान्छ ।

(ग) चल्ला बढेर ..................... बन्छ ।

(घ) ................................... छुँदा पोल्छ ।

**अभ्यास २**

**तल दिइएका वाक्यहरू ठीक भए खाली कोठामा (√) चिह्न र बेठीक भए (x) चिह्न देऊ :**

(क) गाईको बच्चालाई बाच्छाबाच्छी भनिन्छ । ☐

(ख) कुखुराले फुल पारेर बच्चा कोरल्छ । ☐

(ग) पाडी ठूलो भएपछि भैँसी हुन्छ । ☐

(घ) जनावरको चेतना हुँदैन । ☐

**अभ्यास ३**

कुनै पाँचओटा जनावरका चित्रहरू सङ्कलन गर र आफ्नो कापीमा टाँस :


---

**शिक्षण निर्देशन :**

- माथिका उदाहरणहरू बाहेक थप सान्दर्भिक उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई स्पष्ट गराउनुहोस् ।
- पुराना पुस्तक वा पत्रपत्रिकाबाट जनावरका तस्बिर काटेर कापीमा टाँस्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई श्वासप्रश्वासका क्रियाकलापहरू गराउनुहोस् ।

## पाठ २ केही सजीव वस्तुहरू

### हेर, चिन र पढ :



भ्यागुता



रूख




माछा



झिँगा



परेवा




गाई

माथिको चित्रमा केही सजीवहरू दिइएका छन् । हाम्रो वरपर यी बाहेक अरू धेरै सजीवहरू पनि छन् । यिनीहरूमध्ये कुनै जमिनमा बस्छन् । कुनै सजीवहरू पानीमा बस्छन् । कुनै सजीवहरू हावामा उड्छन् । कुनै कुनै सजीव त पानी र जमिन दुवै ठाउँमा पनि बस्न सक्छन् । माथिको चित्रमा दिइएका सजीवहरू कुनकुन कहाँ कहाँ बस्छन् । भन्न सक्छौ ?

अभ्यास १

**तल दिइएका थोप्लाहरू जोड्दै पूरा चित्र बनाऊ, केको चित्र बन्यो ? नाम लेख :**



अभ्यास २

**तिम्रो घर वरपर पाइने पाँचओटा सजीव वस्तुको नाम लेख ।**

अभ्यास ३

**तिम्रो वरपर पाइने सजीवहरूको नाम तलको तालिकामा मिल्ने गरी लेख :**

| क्र. सं. | बिरुवा | उड्ने जनावर | जमिनमा पाइने जनावर | पानीमा पाइने जनावर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

अभ्यास ४

**आफूलाई मन पर्ने कुनै एउटा जनावरको चित्र बनाऊ । त्यसमा मिल्दो रङ् भर :**


**शिक्षण निर्देशन :**


- माथि लेखिएका बाहेक अन्य सजीव वस्तुहरूको पनि अवलोकन तथा छलफल गराउनुहोस् ।
- शिक्षकले एकदुईओटा सजीव वस्तुको चित्र देखाई विद्यार्थीहरूलाई कोर्न र सो चित्रमा मिल्दो रङ भर्न सिकाउनुहोस् ।

## पाठ ३ जनावरको वासस्थान

हेर, चिन र पढ :














मानिसहरू घरमा बस्छन् । चराहरू गुँडमा बस्छन् । माछाहरूको बस्ने ठाउँ पानी हो । गाईलाई गोठमा राखिन्छ । गँड्यौला माटोमा बस्छ । जनावरहरूको वासस्थान फरकफरक हुन्छ ।

**शिक्षण निर्देशन :**

- विभिन्न जनावरहरूको वासस्थानको अवलोकनसहित साधारण परिचय गराउनुहोस् ।

**क्रियाकलाप**


**तिम्रो घरवरपर देखिने जनावरहरू कुनकुन कहाँकहाँ बस्छन् ? पाँचओटा पत्ता लगाई लेख ।**


**अभ्यास १**

**तिमीलाई मन पर्ने कुनै तीनओटा जनावरको वासस्थानको नाम लेख :**

**अभ्यास २**

**जनावर र तिनीहरूको वासस्थानसँग धर्सो तानी जोडा मिलाऊ :**








**अभ्यास ३**

**तल दिइएका वाक्य ठीक भए (√) चिह्न र बेठीक भए (X) चिह्न लगाऊ :**

(क) चरा बस्ने ठाउँलाई खोर भनिन्छ । ☐

(ख) गाई गोठमा बस्छ । ☐


(ग) बाघ घरमा पालिन्छ । ☐

(घ) मुसो दुलामा बस्छ । ☐


(ङ) भालु गोठमा पालिन्छ । ☐


## पाठ ४ घरपालुवा र जङ्गली जनावरहरू

### हेर, चिन र पढ :









हाम्रो वरिपरि विभिन्न किसिमका जनावरहरू छन् । कुनै जनावर मानिसले पालेर राख्छन् । कुनै जनावर जङ्गलमा बस्छन् । तिनीहरूलाई मानिसले पाल्दैनन् । बाघ, भालु, जरायो, गैँडा आदि जनावरलाई मानिसले घरमा पाल्दैनन् । घरमा राखेर पाल्ने जनावरलाई घरपालुवा जनावर भनिन्छ । जङ्गलमा बस्ने जनावर लाई जङ्गली जनावर भनिन्छ ।

**शिक्षण निर्देशन :**

- माथिको चित्रमा देखाइएको चित्रबाहेक अन्य जनावर पनि विद्यार्थीले देखेको भए छलफल गर्न लगाउनुहोस् र कालोपाटीमा नाम लेखी जङ्गली र घरपालुवा छुट्याउन लगाउनुहोस् ।

**अभ्यास १**

**तिमीले आफ्नो घर र विद्यालयवरिपरि देखेका तीनओटा जनावरको नाम लेख :**

**अभ्यास २**

**तल दिइएका जनावरमध्ये कुन जनावर घरपालुवा हुन् र कुन जनावर जङ्गली हुन्, तालिकामा राख :**

बाघ, कुकुर, हात्ती, बाँदर, घोडा, बाख्रा, भैँसी, गोरु, स्याल, बँदेल

| घरपालुवा जनावर | जङ्गली जनावर |
|---|---|
| १. गोरु<br>२. ........<br>३. .........<br>४. ...........<br>५. ........... | १ स्याल<br>२. .........<br>३. .........<br>४. ..........<br>५. ........... |

**अभ्यास ३**

**मिल्दो शब्द छानी खाली ठाउँ भर :**

(घरपालुवा, जङ्गली, पानीमा बस्ने)

(क) गाई .............. जनावर हो ।

(ख) माछा ............ बस्ने जीव हो ।

(ग) भालु ..............जनावर हो ।

(घ) सिंह ..............जनावर हो ।

**अभ्यास ४**

**तिमीलाई मन पर्ने घरपालुवा र जङ्गली जनावरको एकएकओटा चित्र कोरी रङ भर :**


**शिक्षण निर्देशन :**

- विभिन्न जनावरका थोप्ले चित्रको अभ्यास गराउनुहोस् ।


पाठ ५

# जनावरको खाना र खाने तरिका


चित्र हेर र छलफल गर :



घोडा




माहुरी



जुका




छेपारो




कुखुरा



सर्प



कुकुर



बाख्रा

सबै जनावरले खाना खान्छन् । जनावरका खाना र खाने तरिका फरकफरक हुन्छन् । गाई, भेडा, बाख्रा, घोडा आदिले घाँस, पराल, भुस खान्छन् । यिनीहरूले खाना चपाएर खान्छन् । कुकुरले झोल चाटेर खान्छ । हाँस, कुखुरा, चरा, भ्यागुता, सर्प, छेपाराले खाना निल्छन् । जुका, जुम्रा, किर्नाको खाना अरू ठूला जनावरको रगत हो । यिनीहरूले रगत चुस्छन् । मौरीले फूलको रस चुसेको देखेका छौ ?

**क्रियाकलाप**

१. **निम्नलिखित जनावरको खाना र खाने तरिका तलको तालिकामा मिल्ने गरी भर :**

| जनावरको नाम | जनावरको खाना | खाने तरिका |
|---|---|---|
| गाई | घाँस | चपाएर |
| कुकुर | ...... | ........ |
| परेवा | ....... | ....... |
| मानिस | ....... | ........ |
| सर्प | ........ | ....... |

**क्रियाकलाप**

२. **माथि उल्लेख गरेका बाहेक कुनै पाँचओटा जनावरको नाम, खाना र खाने तरिका अरूसँग सोधेर पत्ता लगाऊ :**

**अभ्यास १**

**जनावरको नामअनुसार तिनीहरूको खाने तरिकासँग जोडा मिलाऊ :**

| | |
|---|---|
| (क) हात्ती | निल्ने |
| (ख) बिरालो | चपाउने |
| (ग) माछा | चुस्ने |
| | चाट्ने |

**अभ्यास २**

**निम्नलिखित जनावरले खाना कसरी खान्छन् ? पूर्ण वाक्यमा लेख :**

गाईले घाँस, परेवाले चारो, सर्पले भ्यागुतो


**शिक्षण निर्देशन :**


- स्थानीयस्तरमा पाइने जनावरको खाना र खाने तरिकाका सम्बन्धमा थप अवलोकन र छलफलबाट स्पष्ट पार्नुहोस् । बढीभन्दा बढी रङ्गीन चित्रको अवलोकन गराउनुहोस् ।
- विद्यार्थीले देखेका अरू जनावरको खाना र खाने तरिकाका बारेमा पनि छलफल गराउनुहोस् ।

## पाठ ६ जनावरको चाल











माथि चित्रमा दिइएका सबै जनावर एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । यसरी ठाउँ सर्नुलाई चाल भनिन्छ । के सबै जनावरको चाल एकै प्रकारको छ ? जनावरका चाल फरकफरक हुन्छन् । घोडा दगुर्छ । गाई हिँड्छ । खरायो दौडन्छ । भ्यागुतो पानीमा पौडन्छ भने जमिनमा उफ्रेर हिँड्छ । चराहरू पखेटाको सहायताले हावामा उड्छन् । माछा पानीमा पौडेर यताउति जान्छ । सर्प जमिनमा घिस्रेर हिँड्छ ।

---

**शिक्षण निर्देशन :**

- विभिन्न जनावरको चाल देखिने चित्र वा पोस्टर प्रदर्शन गरी कक्षामा छलफल गराउनुहोस् । सम्भव भएमा नजिक वातावरणमा देख्न सकिने जनावरको चालको प्रत्यक्ष अवलोकन गराउनुहोस् ।

**क्रियाकलाप**

**तिम्रो वरपरका जनावरहरू अवलोकन गर र कुनै पाँचओटा जनावरको चालको तरिका बताऊ :**

**अभ्यास १**

**दिइएका जनावर र तिनीहरूको चालसँग जोडा मिलाऊ :**

| | जनावर | | चाल |
|---|---|---|---|
| (क) | छेपारो | (ऊ) | (अ) पौडने |
| (ख) | कुकुर | ( ) | (आ) उड्ने |
| (ग) | खरायो | ( ) | (इ) दगुर्ने |
| (घ) | माछा | ( ) | (ई) उफ्रने |
| (ङ) | काग | ( ) | (उ) हिँड्ने |
| | | | (ऊ) घस्रने |

**अभ्यास २**

**निम्नलिखित चाल भएका दुईदुईओटा जनावरहरूको नाम लेख :**

(क) हिँड्ने ............ ...........

(ख) उफ्रने ............ ...........

(ग) घस्रने ........... ..........

(घ) पौडने ........... ...........

(ङ) उड्ने .......... ............

**शिक्षण निर्देशन :**

- अभ्यास २ मा उल्लेख भएका चालको किसिम मुख्य चालको रूपमा देखाउने जनावरको नाम उल्लेख गर्नुहोस् । जस्तै : हाँसको मुख्य चाल हिँड्ने हो ।

पाठ ७

# विभिन्न किसिमका बिरुवाहरू



माथिका चित्रहरू हेर । चित्रमा विभिन्न आकारका बिरुवाहरू छन् । बिरुवाहरूलाई साना, मझौला र ठूला गरी तीन समूहमा बाँड्न सकिन्छ । साना बिरुवालाई झारपात भनिन्छ । यिनीहरू नरम र कमजोर हुन्छन् । सयपत्री, पुदिना, बाबरी, धनियाँ, विभिन्न प्रकारका साना घाँसहरू आदि झारपात हुन् । मझौलाखाले बिरुवाहरूलाई बुट्यान भनिन्छ । यिनीहरू झारपातभन्दा अलि ठूला र बलिया हुन्छन् । निलकाँडा, गुलाफ, चियाको बोट आदि बुट्यान हुन् । बलिया फेद र ठूलाठूला आकारमा हुने बिरुवाहरू रूख हुन् । पीपल, आँप, सल्लो आदि बिरुवा रूखका उदाहरण हुन् ।

**शिक्षण निर्देशन :**

- स्थानीय परिवेशमा उपलब्ध विभिन्न नामका बिरुवालाई सम्भव भएसम्म अवलोकन गराई तिनीहरूका विशेषताका आधारमा वर्गीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप**

**दिइएका बिरुवाहरूलाई मिल्ने समूहमा राख :**

मुला, चना, साल, पीपल, गुलाफ, निलकाँडा, प्याज, धनियाँ

| झारपात | बुट्यान | रूख |
|---|---|---|
| ............. | ........... | ............ |

**अभ्यास १**

**तलका वाक्यहरू ठीक भए (√ चिह्न र बेठीक भए (x) चिह्न लगाऊ :**

(क) धनियाँ झारपात समूहमा पर्छ । ☐

(ख) झारपातभन्दा अलि ठूलो र बलियो बिरुवालाई बुट्यान भनिन्छ । ☐

(ग) सिसौ रूख समूहमा पर्ने बिरुवा हो । ☐


(घ) चियाको बोट पनि झारपात समूहमा पर्छ । ☐

**अभ्यास २**

**तिमी बस्ने ठाउँमा पाइने झारपात, बुट्यान र रूखका दुईदुईओटा बिरुवाको नाम लेख :**


**अभ्यास ३**

**तलका चित्र हेरेर झारपात, बुट्यान र रूख छुट्याऊ :**



## पाठ ८ बिरुवाका विभिन्न भागहरू

बिरुवाका विभिन्न भागहरू हुन्छन् । जरा, काण्ड, पात, फूल र फल बिरुवाका मुख्य भागहरू हुन् ।




**जरा** - जमिनमुनि रहने बिरुवाको भागलाई जरा भनिन्छ । जराले बिरुवालाई जमिनमा अड्याइराख्छ ।

**काण्ड**- जमिनभन्दा माथिका बिरुवाको भागलाई काण्ड भनिन्छ । काण्डले पात, हाँगा, फूल र फललाई थामिराख्ने बिरुवाको भागलाई काण्ड भनिन्छ ।

**पात** -प्राय: हरिया रङका, चेप्टा आकारका, बिरुवाको काण्ड र हाँगामा हुने बिरुवाको भागलाई पात भनिन्छ ।

**फूल र फल** - फूल बिरुवाको रङ्गीन भाग हो । यसबाट पछि फल बन्छ ।

**क्रियाकलाप**

**तिमीले देखेका कुनै एउटा बिरुवाको चित्र कोर र जरा, काण्ड, पात, फल र फूलको नामकरण गर ।**


**अभ्यास १**

**धर्सो तानेर जोडा मिलाऊः**

| | |
|---|---|
| (क) जरा | विभिन्न रङ हुने आकर्षक भाग |
| (ख) काण्ड | माटोमुनि हुने भाग |
| (ग) पात | जमिनमाथि हुने भाग |
| (घ) फल | हरियो रङ हुने भाग |
| (ङ) फूल | बीउ भएको भाग |

**अभ्यास २**

**तल चित्रमा दिइएका बिरुवाका भागको नाम लेख :**



**शिक्षण निर्देशन :**

- क्रियाकलाप १ र २ गर्न सहयोग गर्ने र सबैले गरे नगरेको अवलोकन गर्दै अभिप्रेरित गर्नुहोस् ।
- मानिसको शरीरमा जस्तै बिरुवामा पनि फरकफरक नाम र काम भएका भाग हुन्छन् भनी बोध गराउनुहोस् ।
- आफ्नो वरिपरि गुच्छे जरा भएका बिरुवाहरूको अवलोकन गराउनुहोस् ।

**पाठ ९**

# बिरुवा र जनावरबाट पाइने खाना




माथि दिइएका चित्रमा खानेकुराहरू छन् । ती खानेकुराहरू केबाट पाइन्छन् थाहा छ ? खानेकुराहरू मुख्यतया बिरुवा र जनावरबाट प्राप्त हुन्छन् । दूध, फुल, माछा, मासु, मह आदि जनावरबाट प्राप्त हुने खानेकुरा हुन् । अन्न, गेडागुडी, दाल, तरकारी, सागपात र फलफूल बिरुवाबाट प्राप्त हुने खानेकुरा हुन् । जनावर र बिरुवाबाट मानिसलाई हुने मुख्य फाइदा तिनीहरूबाट पाइने खाना हो ।

**क्रियाकलाप**

**तिमीले खाने गरेका खानेकुराहरू केबाट बनेका हुन्छन् र कहाँबाट प्राप्त हुन्छन् ? तलको तालिकामा भर :**

| खानाको नाम | केबाट बनेको ? | केबाट पाएको ? |
|---|---|---|
| १. रोटी | गहुँ | बिरुवा |
| २. मही | दही/दूध | जनावर |
| ३. ...... | ......... | ....... |
| ४. ..... | ......... | ....... |
| ५. ...... | ......... | ....... |
| ६. ...... | .......... | ....... |

**अभ्यास १**

**तलका खानेकुरामध्ये कुनकुन बिरुवाबाट र कुनकुन जनावरबाट पाइन्छ, तालिका बनाई छुट्याएर लेख :**

| | | | | |
|---|---|---|---|---|
| काउली | भटमास | दही | मुला | धान |
| खानेतेल | नौनी | घिउ | आलु | फापर |
| मह | मासु | माछा | फुल | दाल |
| मेवा | नास्पाती | सुन्तला | स्याउ | मकै |

**अभ्यास २**

**मानिसले अरू जनावर र बिरुवाबाट पाउने दुईदुईओटा फाइदाहरू लेख :**

पाठ १०

# हाम्रो वरपरको वातावरण

## हेर, पढ र छलफल गर :



चित्र नं १



चित्र नं २

माथिका दुवै चित्र अवलोकन गर । चित्र नं १ र २ मा कस्तो वातावरण देखाइएको छ, छलफल गर । हाम्रो वातावरणलाई फोहोर पार्ने कारणहरू केके हुन् ? चित्रका आधारमा भन । हाम्रो वातावरण सफा राख्न के गर्नुपर्दछ ? सफा वातावरणले हामीलाई फाइदा गर्दछ भने फोहोर वातावरणले हानि गर्दछ ।

**क्रियाकलाप**

**आ□नो वरपरको वातावरण अवलोकन गरी भएका फोहोरको सूची तयार गर र ती फोहोर हुनाका कारण पनि लेख ।**

**अभ्यास १**

**तलका प्रश्नहरूको जवाफ देऊ :**

(क) फोहोरलाई कहाँ फाल्नुपर्छ ?

(ख) पानीका स्रोतहरूको (नदी, धारा, कुवा) छेउमा दिसापिसाब गर्नाले के हुन्छ ?

(ग) तिम्रो घरलाई सफा राख्न तिमी आफ्नो घरमा के गर्छौ ?

(घ) कक्षाकोठा सफा राख्न के गर्नुपर्छ ?

**अभ्यास २**

**ठीक उत्तरको खाली बाकसमा (✓) र बेठीक उत्तरमा (X) चिह्न लगाऊ :**

(क) घरको फोहोर आँगनमा जथाभावी फाल्नुपर्छ । ☐

(ख) फोहोरमा रोगका किटाणु हुन्छन् । ☐

(ग) जथाभावी फालिने वस्तुहरूले गर्दा फोहोर हुन्छ । ☐

(घ) घरभित्रबाट निस्केको फोहोर जथाभावी सडकमा फाल्नुपर्छ । ☐

---

**शिक्षण निर्देशन :**

- विद्यालय वा घर वरपरको फोहोर ठाउँको अवलोकन गराई फोहोरका कारणहरू पत्ता लगाउन सहयोग गराउनुहोस् ।

## पाठ ११ विभिन्न आकारका वस्तुहरू


### गोलाकार वस्तु






### चारपाटे वस्तु





### वृत्ताकार वस्तु





वस्तुहरू विभिन्न आकारका हुन्छन् । कुनै वस्तु गोलो, कुनै वृत्ताकार, कुनै चारपाटे र कुनै बेलनाकार आदि । फुटबल र गुच्चा गोलाकार छन् । चुरा र टायर वृत्ताकार छन् । किताबकापीको पन्नाको सतह चारपाटे छ । कुनै वस्तुको निश्चित आकार हुँदैन । यो अनियमित आकारको हुन्छ । एउटै आकार भएका वस्तु पनि कुनै ठूला र कुनै साना हुन्छन् ।

**अभ्यास १**

**खाली ठाउँमा दिइएको मिल्ने शब्द भर :**

(क) गुच्चा र फुटबल ..........हुन्छन् । (गोलाकार, वृत्ताकार)

(ख) चुराभन्दा मुन्द्रा ..........................छ । (ठूलो, सानो)

(ग) ................................चारपाटे आकारको हुन्छ । (किताब, मोटरको चक्का)

(घ) साइकलको रिङ ....... हुन्छ । (वृत्ताकार, गोलाकार)

**अभ्यास २**

**तलका प्रश्नहरूको उत्तर देऊ :**

(क) कस्तो आकारलाई अनियमित आकार भनिन्छ ?

(ख) तिम्रो घरमा वृत्ताकार वस्तु केके छन्, कुनै दुईओटाको नाम लेख ।

(ग) तिमीले देखेका कुनै दुईओटा गोलाकार वस्तुको नाम लेख ।

(घ) फर्सीको आकार कस्तो छ ?

**अभ्यास ३**


**आफ्नो कापीमा निम्नलिखित आकारका वस्तुहरूको एकएकओटा चित्र कोर र नाम लेख :**

(क) गोलाकार (ख) चारपाटे (ग) वृत्ताकार

➨ कक्षाका सम्पूर्ण विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गरी भिन्नाभिन्नै आकारका वस्तुहरू सङ्कलन गर्न लगाउनुहोस् र ती वस्तुहरू कस्ताकस्ता आकारका छन्,कक्षामा छलफल गराउनुहोस् ।

पाठ १२

# □रक□रक रङ, स्वाद र गन्ध भएका वस्तुहरू



माथिको चित्रमा हाम्रा वरपर पाइने विभिन्न वस्तु देखाइएका छन् । काँचो आँप र काँचो अम्बाको रङ हरियो भए तापनि तिनीहरूको स्वाद फरक छ । आँप अमिलो छ । अम्बा टर्रो छ । फूलहरू फुलिरहेको ठाउँमा पुग्दा बास्ना आउँछ । फोहोर थुपारेको ठाउँमा गन्ध आउँछ । हाम्रो वरिपरि पाइने वस्तुलाई रङ, स्वाद र गन्धको आधारमा पनि छुट्याउन सकिन्छ । वस्तुका गुणहरू थाहा पाउन शरीरका विभिन्न अङ्गहरू प्रयोग गरिन्छ ।

**क्रियाकलाप**

**तिमीले खाने गरेका र देखेका खानेकुराहरूको नाम लेख । के ती सबै वस्तुको रङ छुट्याउन सक्छौ ? ती वस्तुहरूको स्वाद र गन्ध पनि लेख । वस्तुका रङ, गन्ध र स्वाद थाहा पाउन कुनकुन अङ्ग प्रयोग गर्नुपर्छ ? साथीहरूसँग छलफल गर र शिक्षकसँग सोध ।**

**अभ्यास १**

**जोडा मिलाऊ :**

| | |
|---|---|
| (क) नाक | आवाज |
| (ख) आँखा | स्वाद |
| (ग) छाला | गन्ध |
| (घ) जिब्रो | रङ |
| | चिसो/तातो |

**अभ्यास २**

**खाली ठाउँ भर :**

(क) वस्तुको रङ थाहा पाउन ...................प्रयोग गर्नुपर्छ ।

(ख) वस्तुको बास्ना थाहा पाउन ..................प्रयोग गर्नुपर्छ ।

(ग) वस्तुको स्वाद थाहा पाउन .................प्रयोग गर्नुपर्छ ।

**शिक्षण निर्देशन :**

- माथि दिइएको क्रियाकलाप विद्यार्थीलाई समूहमा विभाजन गरी गराउनुहोस् ।

पाठ १३

# कडा र नरम वस्तुहरू



माथि हामीले प्रयोग गर्ने केही वस्तुहरूको चित्र देखाइएको छ । प्राय: काँचो फल छाम्दा कडा अथवा साह्रो अनुभव हुन्छ । त्यही आँप पाकेपछि छाम्दा नरम अनुभव हुन्छ । हाम्रा वरिपरि पाइने विभिन्न वस्तुहरूको बनावटअनुसार तिनीहरू कडा र नरम हुन्छन् । कुनै वस्तु कडा हुन्छन् । कुनै वस्तु नरम हुन्छन् । कुनै वस्तु कडा वा नरम के छ भनी थाहा पाउन छामेर हेर्नुपर्दछ । हेरेर पनि कुनै वस्तु कडा वा नरम छ भनी अन्दाज गर्न सकिन्छ । तर त्यसलाई ठीकसँग छुट्याउन छालाद्वारा छाम्न वा स्पर्श गर्नुपर्छ ।

**शिक्षण निर्देशन :**

- पाठमा प्रस्तुत गरिएका चित्र र अन्य वस्तुहरूको चित्र कक्षामा प्रदर्शन गरी कडा र नरम वस्तुहरूका बारेमा र सो थाहा पाउन प्रयोग गरिने ज्ञानेन्द्रियका बारेमा बताइदिनुहोस् ।

**क्रियाकलाप**

१. नजिकैबाट सुख्खा माटाका डल्लाहरू लिएर आऊ । साथीहरूलाई माटो छाम्न लगाऊ । यो कडा वा नरम कस्तो छ ? सोध ।

२. अघि ल्याएको माटोमा अलिकति पानी हालेर मुछ । माटो नरम वा कडा कस्तो छ, छाम ? सोध ।

३. माटोको डल्लालाई केही दिन घाममा सुकाऊ र फेरि छाम । माटोको नरमपनमा परिवर्तन आयो ? यस्तो किन भएको हो ? साथीसँग छलफल गर र शिक्षकलाई सुनाऊ ।

**अभ्यास १**

**तल दिइएका वाक्यहरूमा ठीक भए (√) चिह्न र बेठीक भए (x) चिह्न लगाऊ :**

(क) पानीले भिजाएको माटोभन्दा सुख्खा माटो कडा हुन्छ ।

(ख) काँचो फलफूलभन्दा पाकेको फलफूल कडा हुन्छ ।

(ग) वस्तु तातो वा चिसो छ भनी हेरेर मात्र थाहा पाइन्छ ।

(घ) छालाले स्पर्श गरेर वस्तु कडा कि नरम छ भनी थाहा पाउन सकिन्छ ।

**अभ्यास २**

**तलका प्रश्नको उत्तर लेख :**

तिम्रो घरमा भएका पाँचओटा नरम र कडा वस्तुको नाम लेख ।


**अभ्यास ३**

तल दिइएका वस्तुहरूमध्ये नरम र कडा वस्तु छुट्याऊ :

| | | | |
|---|---|---|---|
| काँचो आँप | गोलभेडा | कपास | फूल |
| पाकेको केरा | काठ | सिसाकलम | टेबल |

## पाठ १४ ताप र प्रकाशका स्रोतहरू











सूर्य उदाएपछि उज्यालो हुन्छ । दिउँसो सूर्यको कारणले उज्यालो बढ्दै जान्छ । घाम लागेको बेला कहिले न्यानो र कहिले तातो हुन्छ । घाम डुब्न लागेपछि बिस्तारै अँध्यारो बढ्दै जान्छ । अँध्यारोमा उज्यालो पार्न कहीँ टुकी बाल्छन् । कहीँ लालटिन बाल्छन् । सहर र नजिकका गाउँमा बिजुली बत्ती बाल्छन् । गाउँघरमा तातो पाउन जाडो महिनामा आगो ताप्ने चलन छ । दाउरा वा गुइँठा बालेर ताप पाउन सकिन्छ । सहरतिर जाडामा बिजुलीबाट हिटर बाल्ने चलन छ । हिटरबाट पनि ताप प्राप्त गर्न सकिन्छ । मट्टीतेलको प्रयोग गरेर पनि ताप प्राप्त गर्ने गरिन्छ । ताप र प्रकाशका स्रोत धेरै छन् । ताप र प्रकाशको प्रमुख प्राकृतिक

स्रोत सूर्य हो । सूर्य बाहेक अरू पनि स्रोतहरू हुन्छन् । बालेको दाउरा, बालेको गुइँठा, बिजुलीको हिटर तापका अन्य स्रोत हुन् । टुकी, लालटिन, चिमहरूपनि प्रकाशका अन्य स्रोत हुन् ।

**क्रियाकलाप**

**तिम्रो घरमा ताप र प्रकाश दिने सामग्रीहरू केके छन्, सूची बनाऊ :**

**अभ्यास १**

**तलका प्रश्नको जवाफ पूर्ण वाक्यमा देऊ :**

(क) ताप र प्रकाशको प्रमुख स्रोत के हो ?

(ख) तापका कुनै तीनओटा स्रोतको नाम लेख ।

(ग) प्रकाशका कुनै तीनओटा स्रोतको नाम बताऊ ।

**अभ्यास २**

**धर्सो तानेर जोडा मिलाऊ :**

| | |
|---|---|
| (क) लालटिन/टुकी | गाउँ घरमा तापको स्रोत |
| (ख) दाउरा बाल्ने चुल्हो | प्रकाशको स्रोत बिजुलीबाट |
| (ग) चिम | ताप र प्रकाशको प्रमुख स्रोत |
| (घ) गुइँठा | मट्टीतेलबाट प्रकाशको स्रोत |
| | तापको स्रोत |

**अभ्यास ३**

**तिमीलाई मन पर्ने कुनै एउटा प्रकाशको स्रोतको चित्र बनाऊ र रङ भर :**

**शिक्षण निर्देशन :**

- चित्र अध्ययन गर्न लगाउनुहोस् । त्यसको आधार र विद्यार्थीको अनुभवको आधारमा ताप र प्रकाशका स्रोतबारे स्पष्ट पारिदिनुहोस् ।

## पाठ १५ ताप र प्रकाशको उपयोगिता







हामीहरू बिहानदेखि बेलुकासम्म विभिन्न काम गर्दछौँ । सूर्यको उज्यालो नहुँदा बत्ती बालेर पनि प्रकाश निकाली मानिसले काम गरिरहेका हुन्छन् । हामी जाडामा आगो बालेर, घाम तापेर, हिटर बालेर न्यानो प्राप्त गर्दछौँ । अरू जनावर र वनस्पतिलाई ताप र प्रकाशको अति आवश्यक छ । दसैँमा राखेको जमरा किन पहेँलो हुन्छ ? प्रकाश नपाउँदा पहेँलो हुन्छ । ताप र प्रकाश नभए के हुन्छ होला ? खाना पकाउन, कपडा सुकाउन, न्यानो पाउन, अन्नबालीहरू सुकाउन हामीलाई तापको आवश्यकता पर्छ । उज्यालो पाएर विभिन्न काम गर्न, कुनै कुरा देख्न प्रकाशको आवश्यकता

पर्छ । प्रकाश र ताप पाएर नै बिरुवाहरू बढ्छन्, हुर्कन्छन् । बिरुवा नहुने हो भने कुनै जीव बाँच्न सक्दैन ।

**क्रियाकलाप**

**सीमीको बीउ लेऊ । दुईओटा भाँडामा माटो हाल । अलिकति पानी हालेर चिसो पार र दाना रोप । एउटा भाँडालाई घरबाहिर र अर्कोलाई घरभित्र अँध्यारो ठाउँमा राख । केही दिनपछि यी दुवैलाई हेर । के फरक पायौ ? शिक्षकसँग छलफल गर ।**

**अभ्यास १**

**खाली ठाउँमा ठीक शब्द भर :**

(क) .................... को मदतले खाना पकाउन सकिन्छ ।

(ख) .....................को सहयोगबाट हामीले कुनै कुरा देख्छौँ ।

(ग) ...............र ............. को जथाभावी प्रयोगले हामीलाई बेफाइदा गर्छ ।

**अभ्यास २**

**तलका प्रश्नको उत्तर देऊ :**

(क) कुनकुन काम गर्न तापको प्रयोग गरिन्छ ? कुनै तीनओटा कामहरू लेख :

(ख) प्रकाशबाट केके काम गर्न सकिन्छ ? कुनै तीनओटा कामहरू लेख :

---

**शिक्षण निर्देशन :**

- चित्रको छलफलसँगै विद्यार्थीहरूको घरमा ताप र प्रकाशको कसरी उपयोग भइरहेको छ भन्न लगाउनुहोस् । ताप र प्रकाशका स्रोतहरूको जथाभावी प्रयोगले हुने बेफाइदासमेत छलफल गराउनुहोस् । चित्र र आफ्नो घरको परिवेश तुलना गर्न लगाउनुहोस् ।

पाठ १६

# घाम लागेको दिन

**तल दिइएका चित्र हेर । घाम लागेको दिनको चित्र र घाम नलागेको दिनको चित्र कुन हो, चिन ।**





बादल नलागेको बेला दिनमा हामी आकाशमा सूर्य देख्छौँ । सूर्यबाट तेजिलो प्रकाश आइरहेको हुन्छ । यसलाई हामी घाम भन्छौँ । घाम परेको ठाउँ उज्यालो देखिन्छ । घामबाट हामी ताप पनि पाउँछौँ । त्यसैले घाम लागेको बेला न्यानो हुन्छ । जाडो समयमा हामी घाम तापेर शरीरलाई न्यानो पार्छौँ । हामी अन्न, चिसो कपडा र विभिन्न वस्तु घाममा सुकाउँछौँ । वस्तुमा घाम पर्दा तिनीहरूको छाया पनि बन्छ । हामीले कतिखेर न्यानो महसुस गर्छौं, दिउँसो कि राति ? यसको कारण के होला ? दिउँसो घाम लागेको बेला

घामले गर्दा जमिन तात्छ । हाम्रो वरपरको हावा पनि घामले गर्दा तात्छ । अनि हामी न्यानो महसुस गर्छौं ।

**क्रियाकलाप**

दुईओटा स्टिलका उत्रै प्लेट लेऊ । एउटा प्लेटलाई घाममा राख र अर्कोलाई घाम नपरेको ठाउँमा राख । करिब १५ मिनेटपछि दुवै प्लेट छाम । के फरक पायौ ? यसको कारण के हो ? साथीसँग छलफ गरेर बताऊ ।

**अभ्यास १**

**ठीक उत्तर छानी खाली ठाउँ भर :**

(क) हामी दिनको समयमा आकाशमा............... देख्छौं ।
(तारा, सूर्य, चन्द्रमा)

(ख) घाम भनेको ................बाट पृथ्वीमा आइपुग्ने तेजिलो प्रकाश हो । (बिजुलीको बत्ती, तारा, सूर्य)

(ग) घाम लागेको दिन...........हुन्छ । (चिसो, न्यानो, वर्षा)

(घ) ....... .................... जमिन र हावा तात्छ ।
(पानी परेको दिन, बादल लागेको दिन, घाम लागेको दिन)

**अभ्यास २**


**छोटो उत्तर देऊ :**

(क) घाम लागेको दिन मौसम कस्तो हुन्छ ?

(ख) बदली भएको दिन हामी किन चिसो महसुस गर्छौं ?

(ग) जाडो हुँदा हामीलाई घाममा बस्न किन मन लाग्छ ?

पाठ १७ **छाया**



प्रकाश आईरहेको ठाउँमा वस्तुले छेक्यो भने छेकिएको भाग जतिमा प्रकाश पर्दैन र त्यहाँ छाया बन्छ । ठूलो वस्तुको छाया ठूलो हुन्छ । सानो वस्तुको छाया सानो हुन्छ । घाम लागेको ठाउँमा उभिएर तिम्रो आफ्नो छायालाई अरू वस्तुको छायासँग दाँजेर हेर त । अब के घाममा मात्र छाया बन्छ त ? अँध्यारो कोठाभित्र टर्चलाइट वा मैनबत्ती वा टुकी बालेर त्यसबाट निस्केको प्रकाशलाई अलि पर तिम्रो हातले छेक र हेर, तिम्रो हातको छाया बन्छ कि बन्दैन ? जुनसुकै वस्तुबाट निस्केको प्रकाशलाई छेक्दा कालो आकृति बन्छ । यसलाई छाया भनिन्छ ।

**क्रियाकलाप**

**१. वस्तुको छाया कतातिर बन्छ ?**

एउटा मैनबत्ती लेऊ । धेरै उज्यालो नभएको एउटा कोठामा टेबुलमाथि वा भुइँमा मैनबत्ती बालेर अड्याऊ । बलिरहेको मैनबत्तीबाट केही पर कुनै वस्तु (पुस्तक वा इँटा) ठड्याएर राख । त्यस वस्तुको छाया कतातिर बनेको छ, हेर । मैनबत्तीको वरपर चारपाँचपटक ठाउँ बदल्दै वस्तुलाई राख । हरेक पटक छाया कतातिर बन्छ, हेर । के हरेक पटक जतातिरबाट प्रकाश आएको छ, त्यसको उल्टोतिर छाया बन्छ ?

**क्रियाकलाप**

**२. घाममा कुनै पनि वस्तुको छाया दिनभरि उत्रै हुन्छ कि फरकफरक हुन्छ ?**

दिनभरि घाम लाग्ने ठाउँमा करिब तीन फिट लामो एउटा लठ्ठी ठाडो पारेर अड्याऊ । दिनको विभिन्न समयमा (मानौँ १० बजे, १२ बजे र २ बजे) त्यस लठ्ठीको छाया कत्रो बन्छ,छाया परेको ठाउँमा कोरेर चिह्न लगाऊ । के दिनभरि लठ्ठीको छाया उत्रै छ त ? तिमीले कोरेको चिह्न हेरेर पत्ता लगाऊ ।

**अभ्यास १**

**ठीक कुरामा (✓) चिह्न र बेठीक कुरामा (X) चिह्न लगाऊ :**

१. वस्तुको छाया बन्न प्रकाशको आवश्कता पर्दैन ।
२. कुनै वस्तुले घाम वा प्रकाशलाई छेक्दा त्यस वस्तुको छाया बन्छ ।
३. बिहान ७ बजेतिर घाममा रहेको वस्तुको छाया वस्तुको पश्चिम दिशातर्फ बन्छ ।

# पाठ १८ हाम्रो पृथ्वी



हाम्रो पृथ्वीको सतहमा जमिन र पानी छ । जमिनमा माटो तथा ढुङ्गाहरू पाइन्छन् । तिम्रो वरपर हेर त । के जमिनमा बिरुवाहरू छन् ? तिम्रा घर, विद्यालय र सडक जमिनमा नै बनाइएका हुन् । जमिनको सतह एकनासको हुँदैन । कतै यो सम्म परेको हुन्छ । यसलाई मैदान भनिन्छ । कतै यो माथि उठेको हुन्छ । यसलाई डाँडा भनिन्छ ।

**क्रियाकलाप**

यस पाठमा दिइएको चित्र आफ्नो कापीमा पनि कोर र चित्रमा मिल्दो रङ भर ।

**अभ्यास १**

ठीक शब्द लेखी खाली ठाउँ भर :

(क) पृथ्वीको सतहमा ............ र ............ छ ।

(ख) जमिनमा माटो तथा ............ पाइन्छ ।

(ग) जमिनको ............ एकनासको हुँदैन ।

(घ) जमिनको सम्म परेको भागलाई ............ भनिन्छ ।

(ङ) जमिनको माथि उठेको भागलाई ............ भनिन्छ ।

**अभ्यास २**

उत्तर देऊ :

(क) तिम्रो विद्यालय वरपरको जमिनको सतह कस्तो छ ?


(ख) तिम्रो घर वरपरको जमिनको सतह कस्तो छ ?

---

**शिक्षण निर्देशन :**

- विद्यार्थीहरूलाई विद्यालय वरपर जमिन अवलोकन गराउनुहोस् र माटो तथा ढुङ्गा मिलेर जमिन बनेको हुन्छ भन्ने धारणा दिनुहोस् । तपाईंको ठाउँबाट मैदान तथा डाँडाहरू देखिन्छन् भने अवलोकन गराई धारणा स्पष्ट पार्नुहोस् । मैदान तथा डाँडाबारे धारणा स्पष्ट पार्न विभिन्न चित्र तथा तस्बिरहरू पनि प्रदर्शन गर्न सकिनेछ । पृथ्वीको सतहमा पानी हुन्छ भन्ने कुरा आफ्नो ठाउँको वरपर रहेको पोखरी, खोला,नदी आदि उदाहरणहरू उल्लेख गर्दै धारणा स्पष्ट पार्न मदत गर्नुहोस् ।

## पाठ १९ दिन र रात




अहिले तिमीले पढिरहेको बेला दिन हो कि रात हो भन्ने कुरा कसरी छुट्याउने ? साथीहरूसँग छलफल गर र बताऊ । अब विचार गरौँ- दिनपछि रात र फेरि रातपछि दिन कसरी हुन्छ ? सबभन्दा पहिले निम्नलिखित क्रियाकलाप गरौँ :

चित्रमा देखाएझैँ बलको अगाडिको भाग र पछाडिको भागमा क्रमश: 'क' र 'ख' लेख ।

एउटा बल (फुटबल वा भलिबल) ल्याऊ । एउटा बाक्लो कागजको रिङ (चक्का) बनाएर टेबुलमाथि एक छेउमा राख । यसमा बललाई अड्याएर राख । अब एउटा टर्चलाइट लेऊ । यसलाई टेबुलको अर्को छेउमा (बलको अगाडि) किताबको चाङमाथि अडाएर राख । अब कोठालाई केही अँध्यारो पार र टर्चलाइट बाल । के बलको सबै भागमा उज्यालो परेको छ ?

तिमीहरूमध्ये एकजनाले बललाई घडीको सुईको उल्टो दिशामा बिस्तारै घुमाऊ । बलको 'क' भागमा उज्यालो हुँदा 'ख' भागमा कस्तो छ, सबैले हेर । के देख्यौ ? टर्चलाइटको अगाडि परेको बलको भाग उज्यालो हुन्छ भने बलको अर्को भाग अँध्यारो हुन्छ ।

**क्रियाकलाप**

**अघि गरेको प्रयोगमा टर्चलाइटलाई सूर्य र बललाई पृथ्वी मान। अब पृथ्वीमा दिन र रात कसरी हुन्छ,आपसमा छलफल गरी बताऊ।**

**अभ्यास १**

**ठीक कुरामा (√) चिह्न र बेठीक कुरामा (X) चिह्न लगाऊ :**

(क) सूर्य अगाडि परेको पृथ्वीको भागमा दिन हुन्छ । ☐

(ख) सूर्यको ठीक पछाडि परेको पृथ्वीको भागमा मध्यरात हुन्छ । ☐

(ग) चन्द्रमाको प्रकाशले गर्दा पृथ्वीमा दिन हुन्छ । ☐

(घ) पृथ्वीको एउटा भागमा सधैँ दिन र अर्को भागमा सधैँ रात हुन्छ । ☐

(ङ) पृथ्वी घुमिरहने हुनाले क्रमश: दिन र रात भइरहन्छ । ☐

**शिक्षण निर्देशन :**

- पृथ्वी आफ्नो अक्षमा घुमिरहेको हुन्छ । यसले करिब २४ घन्टामा एक पूरा फन्को लगाउँछ । यस क्रममा सूर्यको अगाडि परेको पृथ्वीको भागमा सूर्यको प्रकाश पर्दछ र त्यहाँ दिन हुन्छ । त्यसको विपरीत भागमा सूर्यको प्रकाश पर्दैन र त्यहाँ रात हुन्छ भन्ने कुरा यस पाठको प्रयोग र क्रियाकलापबाट विद्यार्थीहरूलाई प्रस्ट पार्नुहोस् ।

**पाठ २०**

# सूर्यको प्रकाशमा विभिन्न रङ् हुन्छन्

तिमीले घाम परेको ठाउँमा घामलाई हेर । के घाम अर्थात सूर्यको प्रकाश रङ्गीन देखिन्छ ? एउटा सफा प्लास्टिक वा काँचको रङ्गहीन सिसी लेऊ । सिसीमा अलिकति नभरिने गरी पानी राख र बिर्को लगाऊ । अब सिसीलाई घाममा राख । के सिसीमा भएको पानीबाट घाम छिरेर गएको देखिन्छ ? पानीभित्रबाट छिरेर गएको प्रकाश परेको ठाउँमा एउटा सेतो सफा कागजको पाना राख र हेर । के पानीमा परेको प्रकाशमा केही रङ देखिन्छन् ? ती कुनकुन रङहरू होलान् ? सूर्यको प्रकाश सफा पानीबाट छिरेर जान्छ । पानीबाट प्रकाश छिर्दा प्रकाशमा भएका विभिन्न रङहरू छुट्टिन्छन् ।

**शिक्षण निर्देशन :**

- प्राय: जसो बर्षायाममा आकाशमा इन्द्रेणी लागेको देख्न सकिन्छ । विद्यार्थीहरूलाई इन्द्रेणी लागेको अवलोकन गराइ इन्द्रेणीमा कुनकुन रङ कुन क्रममा रहन्छन् भन्ने कुरा पत्ता लगाउन सहयोग गर्नुहोस् ।

**क्रियाकलाप**

(१) आकाशमा इन्द्रेणी लागेको बेला हेर । इन्द्रेणीको आकार आफ्नो कपीमा कोर । इन्द्रेणीमा कतिओटा रङ देख्छौ, क्रमैसँग तिनीहरूको नाम लेख ।

(२) एउटा रिकापी वा थालमा पानी लेउ । केही थोपा खानेतेल पानीमा राख । अब उक्त तेल मिसिएको पानी भएको भाँडोलाई घाममा राख । केही परबाट उक्त भाँडोमा हेर । के के रङ् देख्छौ ? लेख ।

**अभ्यास १**

ठीक कुरामा (√) चिह्न र बेठीक कुरामा (X) चिह्न लगाऊ :

(क) हामीले घाम रङ्गीन देख्छौँ ।

(ख) पानीबाट छिरेर निस्केको सूर्यको प्रकाशमा विभिन्न रङ देखिन्छन् ।

(ग) आकाशमा देखिने इन्द्रेणी रङ्गीन हुन्छ ।

## स्वास्थ्य शिक्षा

पाठ १

# शरीरको सफाइ







हाम्रो शरीरमा विभिन्न अङ्गहरू छन् । हामीले ती अङ्गहरू सफा राख्नुपर्छ । शरीर सफा राख्न हामीलाई विभिन्न सामान चाहिन्छ । हामीले नियमित रूपमा नुहाउनुपर्छ । नुहाएर सफा रुमालले शरीर पुछ्नुपर्छ । सफा काइँयोले कपाल कोर्नपर्छ । नङ बढेपछि नेलकटरले काट्नुपर्छ । कहिल्यै पनि नङ टोक्नुहुँदैन । खाना खाएपछि ब्रुसले दाँत माझ्नुपर्छ । दाँत माझ्दा ब्रुसलाई तल, माथि र भित्र पनि चलाउनुपर्छ । सफा पानीले मुख, आँखा तथा नाक सफा गर्नुपर्छ । नुहाउँदा वा हातमुख धुँदा साबुनको चिप्लो जानेगरी पखाल्नुपर्छ ।

**शिक्षण निर्देशन :**

- स्थानीय परिवेशमा शरीर सफाइका लागि प्रयोग गरिआएका र उपयोगी सामग्रीहरूको प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । शरीरका अङ्गको सूची बनाउन विद्यार्थीलाई सहयोग गर्नुहोस् । नाक, आँखा, कपाल, दाँत सफा गर्ने तरिकाको प्रदर्शन गरेर देखाउने । विद्यार्थीको बानीको अवलोकन गरी स्वास्थ्यमा हानि गर्ने बानी भए सुधार गर्न आवश्यक निर्देशन दिनुहोस् ।

**क्रियाकलाप १**

तलका चित्रमा दिइएका अङ्गहरूको नाम भन र आफ्नो कापीमा लेख :




**क्रियाकलाप २**

माथि देखाइएको चित्रमा दिइएका अङ्गहरूको सफाइ कसरी गरिन्छ अभिनय गरेर देखाऊ ।

**क्रियाकलाप ३**

१. **तलका भनाइ ठीक छ, छैन ? साथीलाई सोध :**

(क) सिँगान आउँदा बाहुलाले पुछ्नुपर्छ ।


(ख) नाक औँलाले कोट्याउनुपर्छ ।

(ग) छोटो कपाल सफा गर्न सजिलो हुन्छ ।

(घ) आँखा मिच्नुहुँदैन ।

(ङ) दाँत माझ्दा ब्रस वा दतिवनले तलमाथि गर्दै माझ्नुपर्छ ।

## पाठ २ राम्रो बानी



ठीक हिँडाइ वेठीक हिँडाइ ठीक बसाइ

हाम्रो शरीरको अवस्था ठीक राख्न शरीरका अङ्गहरूलाई ठीक तरिकाले चलाउने गर्नुपर्छ। हिँड्दा ढाड सीधा पारेर हिँड्नुपर्छ। बस्दा पनि ढाड सीधा पार्नुपर्छ । हिँड्दा कुर्कुच्चा र पैताला सीधा पारी हल्का र स्वाभाविक हातको चालमा हिँड्नुपर्छ। सुत्दा उत्तानो परी खुट्टा पसारेर सुत्नुपर्छ। घोप्टो परेर वा खुट्टा खुम्च्याएर सुत्नु राम्रो होइन। सुत्दा धेरै अग्लो सिरानी वा तकिया प्रयोग गर्नुहुँदैन। ठीक समयमा सुत्ने र उठ्ने गर्दा शरीर स्वस्थ र फुर्तिलो हुन्छ ।

**शिक्षण निर्देशन :**

विद्यार्थीहरूको बानी (हिँडाइ, बसाइ र सुताइ) अवलोकन गरी आवश्यक सुधारका लागि आफू वा विद्यार्थीहरूबाट ठीक तरिकाले हिँड्ने, बस्ने, उभिने र सुत्ने तरिका प्रदर्शन गरी देखाउन र विद्यार्थीहरूलाई अभ्यास गर्न लगाउनुहोस् ।

**क्रियाकलाप १**

सबै विद्यार्थीहरूलाई एकएक पटक आ-आफ्नो बानीअनुसार हिँडने, बस्ने, उभिने, सुत्ने कार्य गर्न लगाई अरूको पालोमा हेर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

ठीक ढङ्गले हिँड्ने, बस्ने, उभिने, सुत्ने तरिकाको प्रदर्शन गरेर देखाऊ र सबैले पालैपालो अभ्यास गर ।

**क्रियाकलाप ३**

ठीक र बेठीक छुट्याऊ :

(क) हिँड्दा उफ्रदै हिँड्नुपर्छ ।

(ख) हिँड्दा सीधा पाइलामा बिस्तारै हिँड्नुपर्छ ।

(ग) उभिँदा कम्मर झुकाई उभिनुपर्छ ।

(घ) उभिँदा ढाड सीधा पारेर उभिनुपर्छ ।

(ङ) सुतेर पढ्नु राम्रो बानी हो ।

(च) घोप्टो परेर लेख्ने बानी नराम्रो हो ।

(छ) सीधा बसेर लेख्ने, पढ्ने गर्नुपर्छ ।

(ज) सुत्दा घोप्टो परेर सुत्नुपर्छ ।

(झ) सुत्दा उत्तानो परी खुट्टा पसारेर सुत्नुपर्छ ।

**स्वास्थ्य सन्देश :**

खाना खानुअघि साबुनपानी वा खरानीपानीले हात धुने गरौँ। खाना खाइसकेपछि ब्रुसले दाँत माझौँ । गुलियो खानेकुरा खाएपछि मुख कुल्ला गरौँ । नियमित रूपले नुहाउने गरौँ । बिहान बेलुका सफा पानीले आँखा धुने गरौँ ।

पाठ ३

# घरको सफाइ



सधैँ सफासुग्घर भएर बस्नुपर्छ । आफू पढ्ने र सुत्ने कोठा सधैँ सफा गर्नुपर्छ । घरको भित्ता र सिलिङमा भएका माकुराको जालो लामो बिँड भएको झाडुले सफा गर्नुपर्छ । झ्याल र ढोकामा टाँसिएको धुलो र फोहोर काम नलाग्ने कपडाले पुछेर हटाउनुपर्छ ।

घरको आँगन दिनदिनै बढार्नुपर्छ । धुलो, कसिङ्गर र फोहोर टोकरीमा जम्मा गर्नुपर्छ । कागज, प्लास्टिकका टुक्राहरू र ठोस वस्तुहरू भिन्नाभिन्नै टोकरीमा राख्नुपर्छ ।

कुहिने फोहोरलाई खाडलमा पुरेर मल बनाउन सकिन्छ । प्लास्टिक तथा ठोस वस्तुलाई फेरि प्रयोग गर्न सकिन्छ । चर्पी जाँदा चप्पल लगाउनुपर्छ । दिसापिसाब गरेपछि चर्पीमा पानी खन्याउनुपर्छ । दिसा धोएपछि साबुन वा खरानीपानीले हात धुनुपर्छ । धारामा हातमुख धुने, नुहाउने र अन्य काम गरिसकेपछि सफा गर्नुपर्छ । धारा र भान्साकोठाको पानी जाने निकासको व्यवस्था हुनुपर्छ ।

**क्रियाकलाप १**

तलका चित्र हेरेर प्रश्नको उत्तर भन र लेख :



(क) माथिका चित्रमा केके छन् ?

(ख) मानिसले किन नाक थुनेको होला ?

(ग) कारखानाको चिम्नीबाट के निस्किरहेको छ ?

(घ) मानिस किन लडेको होला ?

(ङ) नदीमा केके मिसाइएको छ ?

**स्वास्थ्य सन्देश** :

फोहोरलाई निश्चित खाडलमा फाल्ने गरौँ। घर र विद्यालय सफा राख्ने गरौँ । पानीको मुहान वरपर सफा राखौँ। दिसापिसाब गर्न चर्पीको प्रयोग गरौँ।

पाठ ४

# विद्यालयको सफाइ

हाम्रो विद्यालय सफा छ। हामी दिनदिनै झाडु वा कुचोले कक्षाकोठा बढाछौँ। खेल्ने चौर र विद्यालय वरिपरि छरिएका फोहोर र कागजका टुक्राहरू टिप्छौँ। फोहोर वस्तुलाई टोकरीमा जम्मा गर्छौं। टोकरी भरिएपछि फोहोरलाई खाल्डोमा पुरिदिन्छौँ।




हाम्रो विद्यालयमा चर्पी छ। हामी चर्पी सधैँ सफा राख्छौँ। विद्यालय हाताभित्र फूल र बोटबिरुवा रोपिएको छ। धाराबाट बगेको पानी बोटबिरुवा रोपेको ठाउँमा बगेर जान्छ। हामी सबै मिलेर फूलबारी र बोटबिरुवाको गोडमेल गर्छौं।

**शिक्षण निर्देशन :**

- शिक्षकले कक्षाको विद्यार्थी सङ्ख्यानुसार समूह विभाजन गरी कक्षा सफा गर्ने, कालोपाटी सफा गर्ने विभिन्न समूह बनाएर क्रियाकलापमा सरिक गराउनुहोस्।
- सरसफाइका लागि आवश्यक सामग्रीको व्यवस्था गरिदिनुहोस्।
- काम गर्ने र सहयोग गर्ने बानी विकास गर्न उत्प्रेरकको भूमिका निभाउनुहोस्।

**क्रियाकलाप १**

तल दिइएका चित्रमा केके छन् भन र लेख । ती केका लागि प्रयोग हुन्छन् ? लेख



**क्रियाकलाप २**

तल दिइएका चित्रहरू राम्ररी हेर । दुई चित्रहरूमा केके देख्यौ ? भन र लेख :







**क्रियाकलाप ३**

माथिका चित्रहरूमा तिमीलाई मन पर्‍यो, कि परेन भन । मन परेन भने किन मन परेन भन र लेख ।

पाठ ५

# मेरो खानेकुरा






हामी विभिन्न प्रकारका खानेकुरा खान्छौँ । हामीले खाने खानाका पोषक तत्त्वले शरीर वृद्धि गर्ने, शक्ति दिने र सुरक्षा दिने गर्छ । चामल, गहुँ, जौ, मकै, कोदो, फापर र आलु हाम्रो मुख्य खानामा पर्दछन् । काउली, सिमी, गोबी, रायो, फर्सी, घिरौँला, मुला, सिस्नो, वेथे, कर्कलो आदि तरकारी हुन् । हामीले आँप, स्याउ, सुन्तला, अम्बा, आरू, केरा, नास्पाती, आरुबखडा, मेवा, लिची आदि फलफूल खानुपर्छ । माछा, मासु अन्डा, दूध, दही, मही, घिउ, मह पनि खानेकुराहरू हुन् । दूध राम्ररी उमालेर खानुपर्छ । तरकारी

**शिक्षण निर्देशन :**

- स्थानीयस्तरमा पाइने अन्य खाने कुराको नाम भन्न लगाउनुहोस् । सफा र ताजा खाने कुरा खान जोड दिनुहोस् ।
- अन्य वैकल्पिक वाक्यहरू बनाई रुजुसूची बनाई विद्यार्थीको अभिवृत्ति जाँच गर्दै सुरक्षित र पौस्टिक खाना खान अभिप्रेरित गर्नुहोस् ।

सफा पानीले राम्ररी पखालेर पकाउनुपर्छ । खाना सफा र ताजा हुनुपर्छ । सागपात, फलफूल, अन्न र माछामासु तथा गेडागुडी मिलाएर खाना खानुपर्छ ।

**क्रियाकलाप १**

तिमीहरूले खाने गरेका खानेकुराको नामको तालिका बनाई साथीहरूसँग छलफल गरी अन्न, गेडागुडी, सागपात तथा तरकारी, फलफूल, माछामासु, दूध,दही आदिलाई विभिन्न समूहमा बाँड ।

**क्रियाकलाप २**

विशेष चाडबाडमा तिमीले खाने गरेका खानेकुराको नाम लेख र कक्षामा सुनाऊ ।

**क्रियाकलाप ३**

तलका वाक्यहरू गलत भए सच्याएर भन त्यसपछि सच्याएर आफ्नो कापीमा सार :

(क) फलफूल पखालेर खानुपर्छ ।

(ख) मुला उखल्नेबित्तिकै खानुपर्छ ।

(ग) प्यास लागेको बेला जस्तोसुकै पानी पनि पिउन हुन्छ ।

(घ) सडेगलेको खाना खान हुन्छ ।

(ङ) नछोपेको झिँगा बसेको खाना खान हुन्छ ।

**स्वास्थ्य सन्देश :**
सफा र पोसिलो खाने कुरा खाने गरौँ । हरियो सागपात, पहेँला फलफूल र गेडागुडी प्रशस्त खाने गरौँ ।

पाठ ६

# पिउने पानी



हामी सबैलाई पानी चाहिन्छ । पानीबिना हामी बाँच्न सक्दैनौं । पिउने पानी सुरक्षित हुनुपर्छ । किटाणु नभएको सफा पानीलाई सुरक्षित पानी भनिन्छ । हामीले सफा भाँडोमा पानी छोपेर राख्नुपर्दछ । पानी उमालेर वा छानेर सुरक्षित बनाउनुपर्छ । सुरक्षित पानी पिउनाले पेट र छाला पनि स्वस्थ हुन्छ । त्यसैले सधैं किटाणु नभएको सफा पानी पिउने बानी गर्नुपर्छ ।

**शिक्षण निर्देशन :**

- पिउने पानी सफा हुनुपर्छ भन्ने कुरामा जोड दिन सफा पानीका गुणहरू बताउनुहोस् ।
- पानी सुरक्षित राख्ने तरिकाहरूबारे छलफल गराउनुहोस् ।
- विद्यालयमा पिउने पानी सुरक्षित ढङ्गले राखेर नमुना प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप १**

एउटा सफा गिलास लेऊ । त्यसको मुखलाई सफा सेतो कपडाको टुक्राले ढाँक । अर्को एउटा सफा गिलासमा तिमीले पिउने गरेको पानी लेऊ । अब पानीलाई कपडा माथिबाट बिस्तारै खन्याऊ । पानी छानिएर तलको गिलासमा जम्मा हुन्छ । अब कपडामा धुलो वा बालुवाका कणहरू छन् कि छैनन् राम्ररी हेर ।

**क्रियाकलाप २**

हामीले धारा, कुवा, पोखरी, खोला, इनार, पँधेरोबाट पिउने पानी पाउँछौँ । तिमीले घरमा पिउने पानी कहाँबाट ल्याइन्छ ? छलफल गरी बताऊ ।

**क्रियाकलाप ३**

तिम्रो घर तथा विद्यालयमा पिउने पानी सफा गर्न के गर्ने गरिएको छ । सोधेर लेख :

**क्रियाकलाप ४**

हामीले पानी किन पिउनुपर्छ ? साथीसँग छलफल गरेर शिक्षकलाई बताऊ ।

**क्रियाकलाप ५**

फोहोर पानी खायो भने के हुन्छ होला ? साथीहरूसँग छलफल गर ।

पाठ ७

# रोग लाग्न नदिऔँ



कहिलेकाहीँ हामीलाई खान, खेल्न, पढ्न, हिँडडुल गर्न र कुनै काम गर्न मन लाग्दैन । यस्तो भएको अवस्थालाई सन्चो नभएको भनिन्छ । बिरामी हुदाँ पनि  शरीरलाई सन्चो हुँदैन । सन्चो नहुँदा होस् पुऱ्याइएन भने ठूलो रोग पनि  लाग्न  सक्छ । जुका पर्नु, आउमासी पर्नु, लुतो, दादुरा आदि सरुवा रोग हुन् । एक जनालाई भएको रोग अर्कोलाई पनि हुन्छ भने त्यस्तो रोगलाई सरुवा रोग भनिन्छ । सरुवा रोग किटाणुबाट सर्छ । कुनै रोग अरूलाई नसर्ने पनि हुन्छ । गलगाँड, टाउको दुखाइ अरूलाई सर्दैन । यस्तो रोगलाई नसर्ने रोग भनिन्छ । सर्ने रोग दिसा, पिसाब, थुक, सिँगान आदिबाट सर्छ । त्यसैले खोक्दा वा हाच्छिँउ गर्दा रुमालले मुख छोप्नुपर्छ । ठूलो रोग लाग्न नदिन सन्चो नहुँदा स्वास्थ्य केन्द्रमा जँचाएर उपचार गर्नुपर्छ ।

**क्रियाकलाप १**

तिमीले सुनेका रोगका नाम आफ्नो कापीमा लेख र साथीहरूसँग छलफल गरी ती रोगहरू सर्छ, सर्दैन छुट्याऊ :

| रोगका नामहरू | सर्ने | नसर्ने |
|---|---|---|
| १) .................... | .............. | .............. |
| २) .................... | .............. | .............. |

**क्रियाकलाप २**

घर वा विद्यालयमा आफूलाई सन्चो नहुँदा तिमीले के गर्छौ ? अभिनय गरी देखाऊ :

**क्रियाकलाप ३**

तलका प्रश्नहरूको उत्तर आफ्नो साथीलाई सोध :

(क) सरुवा रोग भनेको के हो ?

(ख) कुनै पाँचओटा सरुवा रोगका नाम भन ।

(ग) कुनै तीनओटा नसर्ने रोगका नाम भन ।

(घ) लुतो, झाडापखाला र दादुरा रोग कुनकुन तरिकाले सर्छ ?

(ङ) जुका पर्नु र गलगाँड रोगबाट बच्ने उपाय भन ।

**स्वास्थ्य सन्देश :**

**झाडापखाला लाग्दा प्रशस्त पानी र झोल कुरा खाने र खुवाउने गरौँ ।**
**काँचै खाने तरकारी तथा फलफूल सफा पानीले राम्ररी पखालेर खाने गरौँ ।**

**शिक्षण निर्देशन :**

- चित्र हेर्न लगाई विभिन्न रोग लाग्ने अवस्था, सर्ने र नसर्ने रोगहरूको नाम भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसकेका मुख्यमुख्य रोगहरूको नामको तालिका बोर्डमा बनाइदिनुहोस् । उल्लेख भएका रोगहरूबारे छोटकारीमा चर्चा गर्नुहोस् ।
- बिरामीको आवस्थासम्बन्धी क्रियाकलाप गराउँदा उनीहरूबाट भन्न वा लेख्न लगाई बोर्डमा तालिका बनाउनुहोस् ।

पाठ ८

# दुर्घटनाबाट बचौँ

हामी घरमा बस्दछौँ । घरले हामीलाई सुरक्षा दिन्छ । होसियार भएन भने घरभित्रै पनि धेरै दुर्घटना वा चोटपटक लाग्न सक्दछ । कुनै वेला ज्यानै जाने खतरा हुन सक्छ । हामी दिनहुँ विद्यालय जान्छौँ । साथीहरूसँग खेल्ने र सँगै खाने गर्दछौँ । कहिलेकाहीँ आफ्नो र साथीहरूको लापरबाही र बदमासीबाट दुर्घटनाहरू हुन सक्छ ।














**शिक्षण निर्देशन :**

- माथि दिइएका चित्र अवलोकन गराई विद्यार्थीलाई यस्ता दुर्घटनाहरू हुने कारण र यसबाट बच्न हामीहरूले के कस्ता उपायहरू अपनाउन सकिन्छ भनी छलफल गराउनुहोस् ।
- विद्यार्थीलाई अरू र आफू दुवैलाई दुर्घटना हुनबाट बच्ने उपायहरू अपनाउन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप १**

तल दिएका चित्रहरू हेरेर विद्यालय तथा विद्यालयबाहिर कस्तो कस्तो दुर्घटनाहरू हुन सक्छ बताऊ ।





**क्रियाकलाप २**

खाली ठाउँमा आफ्नो साथीलाई उपयुक्त शब्दहरू छानेर राख्न लगाऊ :

**धारिलो, रेलिङ, छेउ, खुड्किलो, उपचार, खेल्नु**

(क) अस्पतालमा घाउ, चोटको ................ हुन्छ ।

(ख) हामीले बाटोको बीचमा ................ हुँदैन ।

(ग) सडकमा हिँड्दा सडकको ................ लागेर हिँड्नुपर्छ ।

(घ) ................ सामानहरूसँग खेल्न हुँदैन ।

(ङ) भऱ्याङमा हिँड्दा एकएक ................ गरेर हिँड्नुपर्छ ।

(च) घरको कौसी र भऱ्याङमा ................ राख्नुपर्दछ ।


**शिक्षण निर्देशन :**

- पहिलो क्रियाकलापमा चित्रमा देखाएजस्तै गर्दा नगर्दा हुने सुरक्षा र असुरक्षाबारे छलफल गराउनुहोस् । यस्तै अन्य सम्भावित दुर्घटनाबारे पनि छलफल गराउनुहोस् ।
- क्रियाकलाप २ मा जस्तै अन्य थप क्रियाकलाप (जोडा मिलाउ, हाजिरीजवाफ) गराउनुहोस् ।

पाठ ९

# बिरामी हुँदा कहाँ जाने ?





गाउँघरमा स्वास्थ्य चौकीहरू हुन्छन् । मानिसहरू बिरामी हुँदा वा घाउचोट लाग्दा उपचार गर्न स्वास्थ्यचौकीमा जान्छ न् । उपस्वास्थ्यचौकी, स्वास्थ्यचौकी र स्वास्थ्य सेवा केन्द्रहरूमा साधारण रोगको उपचार हुन्छ । अस्पताल मा स्वास्थ्य सेवा केन्द्रहरूमा भन्दा धेरै उपचारको सुविधा हुन्छ । त्यहाँ डाक्टर र स्वास्थ्य सहायकहरू पनि धेरै हुन्छन् । त्यहाँ धेरै प्रकारका रोगको उपचार हुन्छ । स्वास्थ्य संस्थाहरूमा खोपसमेत दिने गरिन्छ ।

सडक नभएको ठाउँमा डोको, झोलुङ्गो वा स्ट्रेचरमा बोकेर बिरामी लैजाने गरिन्छ । सहर बजारमा बिरामी बोक्ने एम्बुलेन्स हुन्छ । अस्पताल वा स्वास्थ्यचौकी पुगेका बिरामीले डाक्टरको सल्लाहअनुसार औषधीको प्रयोग गर्नुपर्छ ।

शिक्षण निर्देशन :

- दिइएका चित्रहरूका बारेमा विद्यार्थीलाई विभिन्न प्रश्नहरू बनाएर सोध्ने र पालैपालो उत्तर दिन लगाउनुहोस् ।
- स्थानीय परिवेशमा बिरामी बोक्न प्रयोग गरिने सामग्रीबारे छलफल गराउनुहोस् ।

**क्रियाकलाप १**

तलका चित्रहरू राम्ररी हेर, चित्रमा केके छन् ? भन र लेख ।









**क्रियाकलाप २**

दुईदुई जना मिलेर जोडा मिलाई खेल :


| | |
|---|---|
| (क) स्वास्थ्यचौकी | रोग लाग्नबाट बचाउने सुई वा औषधी |
| (ख) डाक्टर | बिरामीको उपचार गर्ने ठाउँ |
| (ग) स्वास्थ्यसेविका | बिरामी बोक्ने मोटर |
| (घ) एम्बुलेन्स | बिरामीको हेरचाह गर्ने महिला |
| (ङ) खोप | औषधी बेच्ने ठाउँ |
| | बिरामी जाँच्ने मानिस |

# शारीरिक शिक्षा

## पाठ १ हिंडाइ, दौडाइ,उफ्राइ र □याकाइ

**क्रियाकलाप १**

मलाई खुट्टा सारेर दायाँ वा बायाँ सर्दै जान आउँछ ।




**क्रियाकलाप २**

दौडेर गई गाडेको झन्डा उठाएर ल्याऊ ।




**क्रियाकलाप ३**

म सोझो रेखामा दौडन सक्छु । मैले दौडेर २५ मिटर दुरी पार गर्न सक्छु ।




**क्रियाकलाप ४**

मलाई उफ्रन आउँछ । अग्लो ठाउँमा राखेको वस्तुलाई उफ्रेर छुन कोसिस गर्छु ।



क्रियाकलाप ५

दुवै खुट्टाले उफ्रेर दुवैले परसम्म टेक्न सक्छु ।





क्रियाकलाप ६

म खुट्टा नदोबारीकन स्किप गर्न सक्छु । एक खुट्टाले पनि गर्न सक्छु ।



क्रियाकलाप ७

म टाढाबाट दायाँ र बायाँ हातले टोकरीमा बल फाल्न सक्छु ।




**शिक्षण निर्देशन :**

एकजना विद्यार्थीलाई एउटा कक्षा अवधिमा एउटा क्रियाकलाप दुई पटकभन्दा नगराउनु राम्रो हुन्छ । यी क्रियाकलाप गराउनु अगाडि जीउ तताउने कसरतको रूपमा स्थिर अवस्थाका क्रियाकलाप पनि गराउन सकिन्छ । अन्तिम भागका लागि कुनै पनि रमाइलो क्रियाकलाप छनोट गर्नुहोस् । बल फाल्ने क्रियाकलापका लागि बिन ब्याग(Beenbag) बनाएर प्रयोग गराउनुहोस् ।

# स्थिर अवस्थाका कसरतहरू

शरीरलाई तन्काउने, झुकाउने, लच्काउने कसरतहरूलाई स्थिर अवस्थाको कसरत भनिन्छ । अरू खेल खेल्नु अगाडि यसरी कसरत गरौं।

**क्रियाकलाप १**



टाउको घुमाएको    कम्मर घुमाएको    कुम घुमाएको

चारचारपटक दायाँबायाँ जोर्नी भएका अङ्गहरू चलाऊ ।

**क्रियाकलाप २**



हामी पनि यस्तै कसरत गर्न सक्छौं ।



**क्रियाकलाप ३**

साथीसँग ढाड जोडेर उठबस गर्न सक्छु ।



**क्रियाकलाप ४**

हात टेकी खुट्टा उठाएर पनि कसरत गर्न सक्छु ।




**क्रियाकलाप ५**

तीन जनाको जोडी बनेर सँगै उठबस गर्न सक्छौँ ।



**क्रियाकलाप ६**

बारमा झुन्डिएर भित्रबाट पल्टनबाजी गर्न मजा आउँछ ।



**शिक्षण निर्देशन :**


- कुनै पनि शरीरिक क्रियाकलाप शिक्षकको उपस्थितिमा गराउनुहोस् । जोडीमा, समूहमा र खतरापूर्ण लाग्ने क्रियाकलापलाई आफ्नो तयारी पूरा गरेर मात्र गराउनु राम्रो हुन्छ ।
- यी क्रियाकलापहरूलाई विशिष्ट कसरतको रूपमा अन्य पाठमा पनि गराउन सकिन्छ ।
- जीउ तताउने कसरतको रूपमा गतिशील अवस्थाका क्रियाकलापहरू गराउन सकिन्छ ।

पाठ ३


# शारीरिक व्यायाम

शारीरिक व्यायाम गर्दा शरीर फुर्तिलो हुन्छ । यी व्यायामहरू साथीसँग मिलेर एकसाथ गर्नुपर्छ । यसरी समूहमा काम गर्दा सामूहिक भावनाको विकास हुन्छ । कक्षा १ मा सिकेका पी.टी. र थप नयाँ पी.टी.हरूको अभ्यास गर्नेछौँ ।


## तालिका नं. १ : हातको व्यायाम





## तालिका नं. २ : हात र खुट्टाको व्यायाम





## तालिका नं. ३ : कुमको व्यायाम




## तालिका नं. ४ : हात र छातीको व्यायाम





## तालिका नं. ५ : हात र कम्मरको व्यायाम




## तालिका नं. ६ : कम्मरको व्यायाम



## तालिका नं. ७ : कुर्कुच्चादेखिको व्यायाम



० १,३ २,४,६ ५,७ ९ ८ १६

**शिक्षण निर्देशन :**

- तालिका नं. १- ४ सम्मका व्यायाम अभ्यासहरू कक्षा १ को पाठ्यपुस्तकको शिक्षण निर्देशनलाई आधार मानी गराउनुहोस् ।
- **तालिका नं.-५**
  सुरुमा तालिका नं. ४ को अन्तिम स्थितिबाट गन्ती १ मा दायाँ हातलाई बगलमै राखी दायाँतिर कम्मर झुकाएर बायाँ हात टाउको माथिबाट दायाँतिर लाने । यसरी गर्दा दायाँ हात घुँडासम्म सरेर जान्छ र बायाँ हात टाउको माथिबाटै दायाँतिर झुकाइन्छ । गन्ती २ मा सिधा हुने र गन्ती ३,४ मा फेरि गन्ती १ र २ कै कार्य दोहोऱ्याउन लगाउने । गन्ती ५ मा गन्ती १ को ठीक उल्टो दायाँ हात टाउको माथि उठाई बायाँतिर झुक्न लगाउने । त्यस्तै ६ मा सिधा हुने । ७ मा दोहोऱ्याउन लगाउने र ८ मा सिधा उभिने । यही कार्य पुन: गन्ती १६ सम्म गर्न लगाउनुहोस् ।
- **तालिका नं.-६**
  सुरुको अवस्थामा तालिका नं. ५ अन्तिम स्थितिमा जस्तै राख्ने । गन्ती १, २ र ३ मा दुबै हात अगाडि तल लागी झुक्ने र गन्ती ४ मा सिधा उभिने । गन्ती ५, ६ र ७ मा दुबै हात कम्मर पछाडि राखी टाउको र शरीरलाई पछाडि झुलाउने र गन्ती ८ मा सिधा हुने । उपर्युक्त कार्यलाई दोहोऱ्याएर गन्ती १६ सम्म गराउनुहोस् ।
- **तालिका नं.-७**
  सुरुको अवस्थामा तालिका नं. ६ मा जस्तै राख्ने । गन्ती १ मा कम्मर मर्काइ बायाँ घुम्दा दायाँ हात अगाडिबाट बायाँतिर र बायाँ हात पछाडिबाट दायाँतिर घुमाउन लगाउने । गन्ती २ मा सोही अवस्थाबाट दायाँतिर घुम्न लगाउने । त्यसै गरी गन्ती ३ र ४ मा १ र २ कै दोहोऱ्याउन लगाउने । गन्ती ५ मा दुबै हात बायाँतिर माथि उठाउन लगाउने र गन्ती ६ मा दुबै हात दायाँतिर तल झार्न लगाउने । गन्ती ७ मा फेरि गन्ती ५ कै कार्य दोहोऱ्याउन लगाउने गन्ती ८ मा सुरुको अवस्थामा ल्याउन लगाउनुहोस् । गन्ती ९ देखि सोही कार्य उल्टो दिशामा गराउनुहोस् ।
- व्यायाम गराउनुभन्दा पहिले जीउ तताउने कसरत गराउनुपर्छ ।

पाठ ४

# कवाज



**क्रियाकलाप १**

## सतर्क

सतर्क अवस्थामा हामी कुर्कुच्चा जोडेर पन्जा अलि फट्टाएर सीधा उभिन्छौँ । चित्रमा झैँ म सतर्कमा बस्न सक्छु ।

**क्रियाकलाप २**



## गोडाफाट

गोडाफाटमा हामी बायाँ गोडालाई अलिकति उचालेर बायाँतिर सार्छौँ। हामी गोडाफाट गर्न सक्छौँ ।

**क्रियाकलाप ३**

## विश्राम



विश्रामको अवस्थामा हामी कम्मरमुनि गोडाफाटजस्तै गर्छौं तर हातलाई अगाडि ल्याउन पाइन्छ । आफू उभिएको ठाउँबाट गोडा यताउता चलाउन भने पाइँदैन ।


पाठ ५

# साधारण खेलहरू

हामीलाई खेल खेल्न मनपर्छ । हामी साथीहरूसँग साधारण खेल खेल्दा धेरै रमाउँछौँ । त्यसैले हामी दिनहुँ खेलहरूको अभ्यास गर्छौं ।

क्रियाकलाप १


## साधारण लखेटाइ



साधारण लखेटाइ खेल्न हामी पहिले सीमा बनाउँछौँ । त्यसपछि एक जना साथीलाई लखेट्ने लगाउँछौँ । लखेट्ने साथीले लखेट्दा हामी सीमा बाहिर जाँदैनौँ । लखेट्ने साथीले कसैलाई छोयो भने लखेट्ने पालो छोइमाग्ने साथीको हुन्छ । यसरी नै हामी रमाएर खेल खेल्छौँ ।

क्रियाकलाप २


## जापानी लखेटाइ



जापानी लखेटाइ पनि हामी साधारण लखेटाइजस्तै खेल्छौँ । दोस्रोले लखेट्न जाँदा पहिले लखेट्ने साथीले जहाँ छोएको हो एक हातले त्यहाँ छोई लखेट्नुपर्छ । पहिलो साथीले भने एउटा हात माथि उठाएर लखेट्नुपर्छ ।

क्रियाकलाप ३

## कुकुर फुस्क्यो




कुकुर फुस्क्यो खेल पनि सिमानाभित्र खेलिन्छ । एकजना साथी कुकुर बन्छ । बाँकी साथीहरू सिमानाभित्र छरिएर रहेका हुन्छन् । कुकुर बन्ने साथी सिमानाबाहिर टुक्रुक्क बस्छ र शिक्षकले सिठ्ठी फुक्ना साथ खेल सुरु हुन्छ । कुकुर बनेको साथीले सिमानाभित्र पसी ह्वाङ ह्वाङ गर्दै सबै साथीहरूलाई लखेटेर छुन खोज्छ । कुनै एक जनालाई छोएपछि छोइएको साथी नयाँ कुकुर बन्छ र खेल दोहोरिन्छ ।


पाठ ६

# स्थानीय खेलहरू

हामी आआफ्नो स्थानमा आफ्नै प्रकारले धेरै खेलहरू खेल्छौँ । यस्ता खेलहरूलाई स्थानीय खेल भनिन्छ । स्थानीय खेलहरू खेलेर हामी रमाइलो गर्छौं र शरीर पनि फुर्तिलो बनाउँछौँ । हामी तल दिइएका स्थानीय खेलहरूका साथै आफ्नो समुदायमा प्रचलित स्थानीय खेलहरू पनि खेल्नेछौँ ।

क्रियाकलाप १

## घ्वाइँकासा




घ्वाइँकासा विभिन्न तरिकाले खेल्न सकिन्छ । यहाँ हामी घरका विभिन्न तलाहरू बनाएर खेल्नेछौँ । खेल खेल्नका लागि सबैले एउटाएउटा घ्वाइँ बनाएको हुनुपर्छ । यसको आकार करिब २ से.मि. गोलाइको हुन्छ ।

क्रियाकलाप २


## लक्कु ढाल खेल

यो खेल दुई समूहमा खेलिने खेल हो । एउटा समूह लक्कु ढाल्ने बन्छ

शिक्षण निर्देशन :

- पुस्तकमा उल्लिखित खेलहरूबाहेक स्थानीय स्तरमा प्रचलित अन्य थप खेलहरू पनि खेलाउनुहोस् ।
- खेल खेलाउँदा विद्यार्थीहरूको सहभागिताको निरन्तर मूल्याङ्कन गर्नु र आवश्यकताअनुसार सुझाव दिनुहोस् ।
- विद्यार्थीहरूको रुचिअनुसार खेलहरू दोहोऱ्याएर पनि खेलाउन सकिन्छ ।

र अर्को समूह लक्कु ढाल्ने समूहका साथीलाई बलले हान्ने हुन्छ । कुनै निर्धारित क्षेत्रबाट लक्कु ढाल्ने समूहका साथीहरूले पालैपालो बलले लक्कु ढाल्ने प्रयास गर्छन् । अर्को समूहका साथीहरू लक्कुसँगै बल पर्खेर बसेका हुन्छन् र लक्कु ढल्नासाथ बल लिएर विपक्षीका साथीहरूलाई हान्न खोज्छन् । लक्कु ढाल्ने समूहले लक्कु उठाउन सकेमा उनीहरूको जित हुन्छ । यदि लक्कु उठाउनु अगाडि नै सबैलाई बलले छुवाउन सकेमा अर्को समूहको जीत हुन्छ ।




शिक्षण निर्देशन :

- खेल विद्यार्थीले नबुझेमा शिक्षकले बुझाइदिनुपर्छ । स्थानीय तवरमा आफ्नै नियम बनाएर पनि खेलाउन सकिन्छ ।
- सबै विद्यार्थीले एउटै खेल एकै समयमा खेल्न नसक्ने हुँदा समूह विभाजन गरेर विभिन्न समूहलाई विभिन्न खेलहरू खेलाउनुपर्छ । तर शिक्षकले सबै समूहका खेलहरू पालैपालो अवलोकन गर्नुपर्छ ।
- प्रस्तुत खेल एउटा नमुना मात्र हो । शिक्षकले यस्ता थुप्रै स्थानीय खेलहरू खेलाउन सक्नुहुनेछ ।
- खेल सुरु गर्नु आगाडि हरेक खेलमा जस्तै जीउ तताउने र खेलिसकेपछि चिस्याउने कसरत गराउनुपर्छ ।

पाठ ७

# अभिनयात्मक खेलहरू

अभिनयात्मक खेलमा हामी विभिन्न जनावरहरूको अभिनय गर्छौं । यसका साथै हामी विभिन्न भावहरू पनि अभिनयद्वारा व्यक्त गर्छौं । साथीहरूसँग मिलेर तल दिइएका जनावरहरूको अभिनयहरू गर्छौं :




**हाँसको हिंडाइ**





**भ्यागुताको उफ्राइ**





**खरायोको दौडाइ**





**चिलको उडाइ**




पाठ ८

# कथानक खेलहरू

कथानक खेलहरूमा हामी शिक्षकले सुनाएका कथामा आधारित अभिनयहरू गर्छौं । समूहमा अभिनय गर्दा रमाइलो हुन्छ । यहाँ कथानक खेललाई मिल्ने केही अभिनयको नक्कलको अभ्यास गर्नेछौं ।


सिंह गर्ज्यो ।





खरायो धेरै दौड्यो ।

कछुवा बिस्तारै हिँड्यो ।





खरायो सुत्यो ।

शिक्षण निर्देशन :

- शिक्षकले अभिनय गर्न सकिने खाले कथाहरू (जस्तै : सिंह र खरायोको कथा, कछुवा र खरायोको कथा, हाँस र फ्याउरोको कथा आदि) भनी कथानक खेल खेल्न प्ररित गर्नुहोस् ।
- सुरुमा जीउ तताउने र अन्तमा जीउ चिस्याउने कसरत गराउनुहोस् ।


पाठ ९

# भकुन्डो फाल्ने र समाउने

## चित्र हेर र अभ्यास गर


**क्रियाकलाप १**

चित्रमा जस्तै एक हातले भकुन्डालाई भित्तामा फाल र फर्केपछि समात ।




**क्रियाकलाप २**

चित्रमा जस्तै भकुन्डो हान्ने र छल्ने खेल खेल ।




**क्रियाकलाप ३**

चित्रमा जस्तै भकुन्डो भुइँमा ठोकिने गरी फाल ।




**क्रियाकलाप ४**




चित्रमा जस्तै भकुन्डो
मिलाएर फाल्ने अभ्यास गर ।

**क्रियाकलाप ५**



चित्रमा जस्तै बाङ्गोटिङ्गो
बसेर फाल्ने र समाउने
अभ्यास गर ।


**क्रियाकलाप ६**



चित्रमा जस्तै भकुन्डोलाई
पछाडि फाल्ने र समाउने
अभ्यास गर ।


**क्रियाकलाप ७**

## चित्रमा जस्तै भकुन्डोलाई डालोमा पर्ने गरी □ाल्ने अभ्यास गर ।



**क्रियाकलाप ८**

## चित्रमा जस्तै भकुन्डोलाई फालेर रिले खेलको अभ्यास गर ।



**शिक्षण निर्देशन :**

- क्रियाकलापअघि जीउ तताउने कसरत गराउनुहोस् । नेट विद्यार्थीको उचाइअनुसारमात्र राख्नुहोस् ।
- बल सङ्ख्या विद्यार्थी सङ्ख्याअनुसार साङ्गठनिक ढाँचा मिलाउनुहोस् ।
- सकेसम्म क्रियाकलापलाई रोचकता बनाउन सहभागीलाई प्रोत्साहित गर्नुहोस् ।
- शिक्षकले सुरुमा प्रदर्शन गरेर देखाउनुहोस् ।

# पल्टनबाजी

पल्टनबाजी क्रियाकलापमा हामी विभिन्न तरिकाले पल्टिन सक्छौँ । यहाँ हामी स्वतन्त्ररूपले अगाडि पल्टिने अभ्यास गर्नेछौँ ।

**क्रियाकलाप १**

## अगाडि पल्टने

- अगाडि पल्टनका लागि सुरुमा हामी पल्टने ठाउँ अगाडि टुकुक्क बस्छौँ ।
- त्यसपछि बिस्तारै कुर्कुच्चा उठाई हातको पन्जाले अगाडि जमिनमा टेक्छौँ ।
- टाउकाले टेकेजस्तो मात्र गरी शरीरलाई अगाडि हुत्याउँछौँ ।
- शरीर अगाडि हुत्याएपछि दुवै गोडाले टेकी उभिन्छौँ ।
- यसलाई हामी गोडा फटाएर पनि अभ्यास गर्नेछौँ ।




**शिक्षण निर्देशन :**

- पल्टनबाजीका लागि घाँस भएको मैदान अथवा म्याट वा पराल बिछ्याउनुहोस् ।
- विद्यार्थीहरूको कार्य निरन्तर अवलोकन गर्नुहोस् ।
- गर्न नजानेकालाई सुधार्नुपर्छ र गर्न नमानेकालाई अन्य क्रियाकलाप गराउनुहोस् ।
- पल्टनबाजी दुईतीनपटक मात्र गराउनुपर्छ । त्यसपछि अरू रमाइलो खेल खेलाउने गर्नुहोस् ।

पाठ ११

# सन्तुलन कार्य

सन्तुलन कार्यले पनि शरीर फुर्तिलो हुन्छ । शरीर सन्तुलन राख्न पनि अभ्यास गर्नुपर्छ । यहाँ हामी एक गोडामा उभिएर शरीर सन्तुलन राख्ने अभ्यास गर्नेछौँ ।

**क्रियाकलाप १**

एक खुट्टाले टेकी अर्को खुट्टा उठाएर उभिने अभ्यास गर ।



**क्रियाकलाप २**

एक खुट्टाले मात्र टेकी जोडीमा उठबस गर ।



---

**शिक्षण निर्देशन :**

- सुरुमा कम समयका लागि मात्र सन्तुलन कार्य गराउनुहोस् र अभ्यास भइसकेपछि बिस्तारै समय बढाउन सकिन्छ । जीउ तताउने कसरत गराउन नभुल्नुहोला ।
- कहिले दायाँ र कहिले बायाँ गोडामा सन्तुलन गराउने गर्नुहोस् ।
- कहिलेकाहीँ आँखा बन्द गर्न लगाएर पनि सन्तुलन कार्यको अभ्यास गराउन सकिन्छ ।